अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादीहरु रुवी कुमारी, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

प्रतिवादी रुवी कुमारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. ५०,०००।- र नक्कली तथा गलत कागजातबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिइ नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याएको रकम रु. ५४,०००।- समेत गरी विगो रु. १,०४,०००।- (एक लाख चार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजायँ गरी घुस रिसवत दिएको रकम रु. ५०,०००। ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी भएको विगो रु. ५४,०००। ऐ. को दफा १७ बमोजिम असूल उपर हुन,

प्रतिवादी वि.नि. राजेश्वर प्रसाद चौरसियाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज उपर रुवी कुमारीबाट गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. ५०,०००।- र नक्कली तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाई निज समेतले तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी तलव भत्ता निकासा गरी गराई भुक्तानी दिलाई नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याएको रकम रु. ५४,०००।- समेत गरी विगो रु. १,०४,०००।- (एक लाख चार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम ऐ.को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजायँ गरी घुस रिसवत बापत लिएको रकम रु. ५०,०००।(पचास हजार) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई नोक्सानी भएको विगो रु. ५४,०००।(चौवन्न हजार) ऐ. को दफा १७ बमोजिम असुल उपर हुन,

प्रतिवादी रामवेलास प्रसाद पटेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु. ५४,०००।- (चौवन्न हजार) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८०/०९/२२ को फैसलाबाट प्रतिवादी रुवी कुमारीले अनुसन्धान अधिकारी समक्षको बयानबाट रु.५०,०००।- दिएको भन्ने देखिए पनि यस अदालतमा आफूले कसैलाई रकम नदिएको भनी लेखाएको। निज रुवी कुमारीले यस अदालतमा दस्तुर भनी रु. ५००।- दिएको भनी बयान गरेको एवं प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले निजबाट कुनै रकम लिएको तथ्य अनुसन्धान तहदेखि नै ईन्कारी गरेको, रिसवत लेनदेन भएको तथ्य अन्य आधारबाट पुष्टि हुन आएको पनि नदेखिंदा पोल बयानको आधारमा मात्र रिसवत् लेनदेन भएको भन्न मिलेन।प्रतिवादी रामवेलास प्रसाद पटेलले अनुसन्धान अधिकारी तथा यस अदालत समक्ष समेत ईन्कारी बयान गरेको।

लगायतका आधारमा आंशिक कसुर ठहर गरी फैसला भएकोमा आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा देहायका आधारहरु लिई मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छ।

देहायः

क) **प्रतिवादी रुवी कुमारीले** अनुसन्धान अधिकारी समक्ष बयान गर्दा जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाका शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरुको बहानामा रु.५०,०००।— लिएर कागजातहरु उपलव्ध गराएका हुन् भनी वयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम **प्रतिवादी रुवी कुमारीले** अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु **राजेश्वर प्रसाद चौरासिया र रुवी कुमारीले** घुस/रिसवत लिएको/दिएको रकम रु.५०,०००।-(पचास हजार) कायम गरी सजाय गर्नु पर्नेमा सो नगरी प्रतिवादीहरु **राजेश्वर प्रसाद चौरासिया र रुवी कुमारीलाई** घुस/रिसवत तर्फको मागदावीमा सफाई दिने गरी भएको पैसला त्रुटिपूर्ण रहेको।

ख) प्रतिवादी रुवी कुमारीले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. ५०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु रुवी कुमारी र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. ५०,०००।— लिए/दिएको पुष्टी भएको अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकिर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको अवस्थामा प्रतिवादीहरु रुवी कुमारी र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु रुवी कुमारी र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ग) **प्रतिवादी रामवेलास प्रसाद पटेलले** जगरनाथगपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयका विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियासँग मिलोमतो गरी आफ्नै छोरी रुवी कुमारीको समेत गलत कागजात तयार गर्न लगाई विद्यालयमा कामकाजमा लगाई आ.व. २०७४/०७५ को तेस्रो चौमासिकमा रु. २४,०००।- र आ.व. २०७५/०७६ को पहिलो चौमासिकमा दशैंखर्च समेत रु.३०,०००।- गरी जम्मा तलवभत्ता रु. ५४,०००।- निकासा गरी गराई भुक्तानी भई नेपाल सरकारलाई नोक्सानी पुऱ्याई जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको।

प्रवक्ता

नरहरि घिमिरे

देहायः

सि.न	प्रतिवादी	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	**प्र. रुवी कुमारी, राजेश्वर प्रसाद चौरसिया र रामवेलास प्रसाद पटेल** (वि.अ. को मु.नं. ०७६-CR-०१०२), वि.अ. को फैसला मिति २०८०।०९।२२)	**घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ती गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानिनोक्सानी पुर्याई भ्रष्टाचार गरेको**	**प्रतिवादी रुवी कुमारीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज रुवी कुमारी उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. ५०,०००।- र नक्कली तथा गलत कागजातबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिइ नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको रकम रु. ५४,०००।- समेत गरी विगो रु. १,०४,०००।- (एक लाख चार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजायँ गरी घुस रिसवत दिएको रकम रु. ५०,०००। ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी भएको विगो रु. ५४,०००। ऐ. को दफा १७ बमोजिम असूल उपर हुन मागदावी लिईएको, **प्रतिवादी वि.नि. राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज राजेश्वर प्रसाद चौरसिया उपर	**फैसलाः** **प्रतिवादीहरु रुवी कुमारी र राजेश्वर प्रसाद चौरसियाको** मिलोमतोमा नक्कली कागज बनाई प्रतिवादी रुवी कुमारीले तलव भत्ता वापत रु.५४,०००/- भुक्तानी लिई बदनियतपूर्वक नेपाल सरकारको हानी नोक्सानी पु-याएको देखिन आयो। निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण भन, २०५९ को दफा १७ विपरीत कसूर गरेको देखिंदा सोही दफा बमोजिम दुवै प्रतिवादीहरुबाट जनही बिगो रु.२७,०००/- असुल गरी दफा ३ को उपदफा १ बमोजिम बिगो बमोजिम जनही जरिबाना रु.२७,०००/- र सोही दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम जनही ३ (तीन) महिना कैदको सजाय हुने ठहर्छ। अर्का प्रतिवादी **रामवेलास प्रसाद पटेलले** मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नआएकोले निजको हकमा आरोपदाबी पुग्न नआएकोले निजहरुको हकमा आरोपदाबी पुग्न नसकी सफाई पाउने भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ। **विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः** **क.** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी, र हैसियत यो कसूरसँग सम्बन्धित नै नरहेको अवस्था होईन । निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको दरवन्दी वितरणको पहुँच, पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनु पर्ने कर्तव्य भएकोमा नबनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु बनाई प्रतिवादी रुवी कुमारीलाई श्री राम प्रा. वि. पिपरडाढी बाट रु.५४,०००।- तलव भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको समेत संलग्नता रहेको देखिन आयो । **ख.** यसै प्रसंगमा, यस मुद्दामा प्रतिवादी रुवी कुमारीले रु.५०,००० । प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई रिसवत दिएको र निजले लिएको हुँदा घुस रिसवततर्फ पनि उक्त रकम बिगो कायम गरिएको हुदा सोतर्फ समेत विचार हुन आवश्यक देखियो । प्रतिबादी रुबी कुमारीको सरुवा नक्कली भएको देखिए पनि निज रुवी कुमारीले उक्त रकम	**क. प्रतिवादी रुवी कुमारीले** अनुसन्धान अधिकारी समक्ष बयान गर्दा जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाका शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरुको बहानामा रु. ५०,०००।— लिएर कागजातहरु उपलव्ध गराएका हुन् भनि वयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम **प्रतिवादी रुवी कुमारीले** अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु **राजेश्वर प्रसाद चौरासिया र रुवी कुमारीले** घुस/रिसवत लिएको/दिएको रकम रु.५०,०००।-(पचास हजार) कायम गरी सजाय गर्नु पर्नेमा सो नगरी प्रतिवादीहरु **राजेश्वर प्रसाद चौरासिया र रुवी कुमारीलाई** घुस/रिसवत तर्फको मागदावीमा सफाइ दिने गरी विशेष अदालतबाट भएको पैसला त्रुटिपूर्ण रहेको। **ख.** प्रतिवादी रुवी कुमारीले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. ५०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु रुवी कुमारी र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. ५०,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित **(ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०)** भएको अवस्थामा प्रतिवादीहरु रुवी कुमारी र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुर्‍याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु रुवी कुमारी र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको। **ग.** श्रीराम प्रा.वि. पिपरडाढीमा कार्यरत रहेकी बालविकास शिक्षिका रुवी कुमारी सोही विद्यालयका प्र.अ. रामवेलास प्रसाद पटेलकी छोरी रहेको देखिन्छ। रामलेवालस प्रसाद पटेलले आफ्नी छोरी रुवी कुमारीको कागजात प्रतिवादी राजेश्वर प्रसाद चेरसियालाई हेराइ दिएकोमा कागजात प्रतिवादी राजेश्वर प्रसाद चेरसियाले सिफारिस गरिदिएको भन्ने प्रतिवादी राजेश्वर प्रसाद चेरसियाको अनुसन्धान अधिकारी समक्ष गरेको बयानबाट देखिएबाट प्रतिवादी रामबेलास प्रसाद पटेलको भुमिका समेत रहेको तथ्यलाई पुष्टि गरिदिएको पाईन्छ । यसरी **प्रतिवादी रामवेलास प्रसाद पटेलले** जगरनाथगपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयका विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियासँग मिलोमतो गरी आफ्नै छोरी रुवी कुमारीको समेत गलत कागजात तयार गर्न लगाई विद्यालयमा कामकाजमा लगाई आ.व. २०७४।०७५ को तेस्रो चौमासिकमा रु. २४,०००।- र आ.व. २०७५।०७६ को पहिलो चौमासिकमा दशैंखर्च समेत रु. ३०,०००।- गरी जम्मा तलवभत्ता रु. ५४,०००।- निकासा गरी गराई भुक्तानी भई नेपाल सरकारलाई नोक्सानी पुर्‍याई जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा ***अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ*** **भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०)** को मुल्याङ्कन नै नगरी विशेष अदालतबाट **प्रतिवादी रामवेलास प्रसाद पटेललाई** सफाई दिने गरी भएको फैसला

			रुवी कुमारीबाट गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. ५०,०००।- र नक्कलि तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाई निज समेतले तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी तलव भत्ता निकासा गरी गराई भुक्तानी दिलाई नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको रकम रु. ५४,०००।- समेत गरी विगो रु. १,०४,०००।- (एक लाख चार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम ऐ.को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजायँ गरी घुस रिसवत बापत लिएको रकम रु. ५०,०००।(पचास हजार) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई नोक्सानी भएको विगो रु. ५४,०००।(चौवन्न हजार) ऐ. को दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिईएको, **प्रतिवादी रामवेलास प्रसाद पटेलले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी रामवेलास प्रसाद पटेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु. ५४,०००।- (चौवन्न हजार)	दिएको भनी अनुसन्धान अधिकारी समक्ष लेखाएकोमा यस अदालतमा दस्तुर भनी रु. ५०० । दिएको भनी बयान गरेको पाईन्छ। तर प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले निजबाट कुनै रकम लिएको तथ्य अनुसन्धान तहदेखि नै ईन्कारी गरेको देखिन्छ। रिसवत लेनदेन भएको तथ्य अन्य आधारबाट पुष्टि हुन आएको पनि नदेखिंदा पोल बयानको आधारमा मात्र रिसवत् लेनदेन भएको भन्न मिलेन। **ग.** अर्का प्रतिवादी रामवेलास प्रसाद पटेलका हकमा विचार गर्दा निज प्रतिवादी रुवी कुमारीले तलव भत्ता भुक्तानी लिएको विद्यालयका प्रधानाध्यापक रहेको देखिन्छ । निज समेतले रुवी कुमारीलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन प्राध्यापक राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको भनी यो दाबी लिईएको पाईन्छ । यस आरोप सम्वन्धमा निजले अनुसन्धान अधिकारी तथा यस अदालत समक्ष समेत ईन्कारी बयान गरेको पाईन्छ। रुवी कुमारीले पेस गरेका श्री राम प्रा. वि. पिपरडाढीका प्रधानाध्यापक समेत रहेका यी प्रतिवादी स्वयंको नियुक्ति पनि नक्कली रहेको ठहर भई यसै लगाउमा रहेको ०७६-CR-००९२ को मुद्दामा निज रामवेलास प्रसाद पटेललाई नै सजाय हुने गरी आजै निर्णय भईसकेको छ। **घ.** यसै लगाउमा बीस थान मुद्दा पेस हुन आएको छ । प्रत्येक मुद्दामा निज राजेश्वर प्रसाद चौरसियाले नै विवादित कागजातहरु ल्याईदिएको भनी प्रतिवादीहरुले बयान गरेको देखिन्छ भने निजलाई सवै मुद्दामा सजाय हुने ठहरसमेत भएको छ । एक विद्यालयको नक्कली नियुक्ति तयार गर्ने र जिल्ला शिक्षा कार्यालयबाट काज सरुवा गरिएको नक्कली पत्र तयार गरी अर्कै विद्यालयमा वहाल गराउने गरी सवै मुद्दामा करीव एकै प्रकारको तरिका (Modus operendi) अपनाईएको पाईन्छ। तर सबै मुद्दामा नक्कली कागजात तयार गर्नमा यी प्रतिवादी राम विलास प्रसाद पटेलको भूमिका रहेको भन्ने दाबी नै रहेको पाईंदैन । प्रतिवादी रुवी कुमारीले अनुसन्धान अधिकारी तथा यस अदालतमा समेत बयान गर्दा यी प्रतिवादीलाई पोल गर्न सकेको देखिंदैन । यस वापत निजले कुनै लाभ लिएको भन्ने वादीकै दाबी नरहेको अवस्थामा प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको मतियारको रुपमा यी प्रतिवादी रामवेलास प्रसाद पटेलको भूमिका सबुत प्रमाणबाट स्थापित हुन	त्रुटीपुर्ण रहेको,

			बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदावी लिइएको	आएको देखिएन ।	